# नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## कृषि विभाग
## केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर

सुचना नं. CAL/002/076/77

प्रथम पटक प्रकाशित मिति :-२०७६/०६/३०

## सिलवन्दी दरभाउपत्र आह्वानको सुचना

यस प्रयोगशालाको आ.व.०७६/०७७ को स्विकृत कार्यक्रम अनुसार यस प्रयोगशाला र विषादी अवशेष द्रुत विश्लेषण इकाई, कालीमाटी, काठमाण्डौंको प्रयोजनका लागि आवश्यक पर्ने मोटरसाईकल र स्कुटर दरभाउपत्रद्धारा खरिद गर्नु पर्ने भएकोले इच्छुक संस्था, फर्म, कम्पनीका लागि दरभाउपत्र आह्वान गरिन्छ।

१.सिलवन्दी दरभाउपत्र फारामको दस्तुर रु १,०००/- (एक हजार मात्र) (पछि फिर्ता नहुने) वुझाई फर्म दर्ता प्रमाणपत्र, आयकर (भ्याट) दर्ता प्रमाणपत्र र आ.व.०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस प्रयोगशालाको प्रशासन शाखावाट खरिद गर्न सकिनेछ। सो दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिन उक्त कार्य गरिने छ।

२.दरभाउपत्र फारामसाथ नेपाल वैंक लि.गावाहलको को.ले.नि.का. ललितपुरको धरौटी खाता नं.०१८०२००००००००३००००५१ कार्यालय कोड ३१२-०१३-४०३ मा स्कुटर र मोटरसाइकलको क्रमशः जम्मा गरेको कम्तिमा रकम रु ४,९२५/- (चार हजार नौ सय पच्चिस मात्र) र १२,१८५/- (वाह्र हजार एक सय पचासी मात्र) वा दुई वटैको गरि जम्मा रु १७,११०/- ( सत्र हजार एक सय दश मात्र) को सक्कल प्रति वैंक भौचर वा मान्यता प्राप्त वैंकवाट यस प्रयोगशालाको नाममा जारी गरेको दरभाउपत्र खोलेको मितिले ७५ दिन अवधिको मान्यता प्राप्त वाणिज्य वैंकको (विडवण्ड) पेश गर्नु पर्नेछ।

३.दरभाउपत्र फाराम वुझाउँदा सिलवन्दी गरि खाम वाहिर उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजेभित्र यस प्रयोगशाला प्रशासनमा शाखामा वुझाउनु पर्नेछ। उपरोक्त सिलवन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको १४:०० वजे यस प्रयोगशालाको दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलीने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि उक्त दरभाउपत्रहरु तोकिएको समयमा खोलिने छ। कारणवस दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिनमा सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खोल्ने दिन, सोही स्थान समयमा क्रमशः उक्त कार्यहरु गरिने छ।

४.रीत नपुगी, म्याद नाघी वा कनै शर्त राखी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

५.दरभाउपत्र फाराममा उल्लेख गरिएका दरभाउमा अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित दरभाउलाई मान्यता दिइने छ।

६. सूचना प्रयोगशालाको website: www.centeralaglab.gov.np. मा पनि हेर्न सकिने छ।

७.दरभाउपत्रमा टिपेक्सको प्रयोग गर्न पाईने छैन। टिपेक्स लगाएको दरभाउपत्र स्वतः रद्ध भएको मानिने छ।

८. दरभाउपत्र स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस प्रयोगशालामा सुरक्षित रहने छ।

९. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा दरभाउपत्रमा उल्लेख भए वमोजिम हुने छ।